Together We Can Achieve
नेपाल एशोसिएशन अफ टूर एण्ड ट्राभल एजेन्टस्
Nepal Association of Tour & Travel Agents
NATTA 1966

Goma Ganesh, Gairidhara, Naxal,
P. O. Box: 362, Kathmandu, Nepal
Tel: 977-1-4419409/4418661
Fax: 977-1-4418684
E-mail: natta@mail.com.np
ceo@natta.org.np
info@natta.org.np
Website: www.natta.org.np

SWC Affiliation No.: 25285

मिति: २०७२/१०/१३

## पर्यटन सवारीलाई आपूर्ति मन्त्रालयबाट ईन्धन आपूर्तिको सहज व्यवस्था गरिने ।

काठमाण्डौं -माघ १३ गते  नेपाल एशोसिएसन अफ टूर एण्ड ट्राभल एजेन्ट्स (नाट्टा) का अध्यक्ष मधुसूदन आचार्य तथा प्रमुख कार्यकारी अधिकृत प्रा. डा. हरि शर्मा सम्मिलित नाट्टा प्रमण्डलले आज अपरान्ह माननीय आपूर्ति मन्त्री गणेश मान पुनसंग उहांकै कार्यकक्षमा भेटी पर्यटन यामको प्रारंभ हुन लागेको वर्त्तमान अवस्थामा नाट्टा अंतर्गत दर्ता भएका टूर व्यवसायीहरुको पर्यटकीय सवारीहरुलाई आवश्यक ईन्धन आपूर्तिका लागि नाट्टाका तर्फबाट मांग पत्र बुझाउनु भयो । आपूर्ति मन्त्री पुनबाट तत्कालै आफू अंतर्गतका सम्बन्धित निकायलाई बोलाई नाट्टाको मांग अनुसार काठमाण्डौं, चितवन, पोखरा र लुम्बिनीमा पर्यटक सवारीहरुलाई पर्यटकीय गतिविधिका निम्ति सहज इन्धन आपूर्तिको कार्यविधि बनाई अविलम्ब लागू गर्न निर्देशन गर्नु भएको छ । मुलुकको आर्थिक मेरुदण्डको रुपमा रहेको पर्यटन क्षेत्रलाई सक्दो सहयोग गर्ने मन्त्रालयको नीति अनुरुप अब पर्यटनमा दर्ता हरिया प्लेटका सवारी साधनहरुले उपरोक्त चारवटै ठाउंबाट सहज रुपमा ईन्धन पाउने भएका छन् ।

..............................................................................................

महोदय,

कृपया उपरोक्त प्रेस सामाग्री तपाईको लोकप्रिय संचार माध्यम मार्फत प्रचार प्रसारका लागि अनुरोध गर्दछौं ।

प्रा.डा. हरि शर्मा
प्रमुख कार्यकारी अधिकृत

UFTAA
TOURISM COUNCIL OF THAILAND
NATURALLY NEPAL ONCE IS NOT ENOUGH
NEPAL CHAMBER

